वैठक मिति :२०७६।०५।३१ गते

## छलफलका लागि पेश भएका प्रस्तावहरुः

१. पुर्वाधार करको ठेक्का लगाउने सम्बन्धमा ।

२. वडा नं. २ को सडक ढलान योजनाको सम्झौता सम्बन्धमा ।

३. वडा नं. ४ को वडा कार्यालयको भाडा भुक्तानी सम्बन्धमा ।

४.आन्तरिक आयको ठेक्काको रकम एकमुष्ठ वुझाएमा पाउने छुट सम्बन्धमा ।

५.संविधान दिवस मनाउने सम्बन्धमा ।

६.विविध ।

## निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको पुर्वाधार करको ठेक्का लगाउने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस हरिपुर नगरपालिकाको वडा नं ५ को देहायको वाटोहरुकमा निम्न अनुसारको दर रेटमा निम्न वमोजिम न्युनतम ठेक अंक कायम गरि पुर्वाधार कर लगाउन १५ दिने सार्वजनिक सूचना स्थानिय पत्रिकामा प्रकाशन गरि शिलवन्दि दर भाउ पत्रको कार्यविधिवाट पूर्वाधार करको आन्तरिक आयको ठेक्का वन्दोवस्त गरि आन्तरिक आय उठाउने निर्णय गरियो ।

| क्रं. सं | आन्तरिक आय विवरण | न्यूनतम ठेक अंक | पूर्वाधार कर उठाउने क्षेत्र | | करको दररेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार कर | ३०००००।०० (मूल्य अभिवृद्धि कर बाहेक रु तिन लाख मात्र) | १ | हरिपुर न.पा. वडा न ५ को झिम खोलावाट चिम्नी आउने वाटो | झिम खोलाको ईश्वरपुर नगरपालिकाको उतर सिमाना देखि दक्षिण चन्द्रनगर गाउपालिका र कविलासी नगरपालिका भित्रमा पर्ने खोलाबाट बालुवा, गिट्टी, ढुंगा र रोडा बोकी बाहिर जाने ट्र्याक्टरलाई प्रति ट्र्याक्टर रु. ४००।०० प्रति टिपर रु. १०००।०० का दरले पुर्वाधार कर असुल उपर गर्ने । | |
| | | | २ | हरिपुर न.पा वडा नं. ५ को मजुर्वाको वाटो | | |
| | | | ३ | हरिपुर न.पा.वडा नं.५को असनवा गाउँ जाने वाटो | | |

## <u>निर्णय नं. २</u>

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको वडा नं. २ को सडक ढलान योजनाको सम्झौता सम्वन्धी प्रस्तावमा छलफल गर्दा चौथो नगरसभावाट **<u>हरिपुर न.पा. वडा नं. २ को पच्चु साहको घर देखि सुन्दरलालको घर सम्म र प्रशंसा चर्च देखि स्कुल गेट सम्म पक्कि सडक ढलान</u>** कार्यका लागि स्विकृत वजेट रु आठ लाख वाट योजना सन्चालन गर्नको लागि नगर प्रमुख ज्यूवाट मिति २०७६।५।१९ मा आशिष कुमार कुशुवाह अध्यक्षतामा गठन भएको सात सदस्यीय उपभोक्ता समितिसँग सम्झौता गरी कार्यादेश दिनको लागि प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

## <u>निर्णय नं. ३</u>

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको वडा नं. ४ को वडा कार्यालयको भाडा भुक्तानी सम्बन्धि प्रस्तावमा छलफल गर्दा वडा नं. ४ को वडा कार्यालयले विधालयको भवन कार्यालय प्रयोजनको लागि भाडामा प्रयोग गर्दै आएकोले अर्को व्यवस्था नहुन्जेल सम्मका लागि चालु आ.व. २०७६।०७७ देखि वार्षिक रुपमा घर भाडा वापत श्री जनता मा.वी हरैया वडा नं. ४ हरैया विधालयलाई रु १,००,०००।०० ( रु एकलाख मात्र) भुक्तानि दिने निर्णय गरियो ।

## <u>निर्णय नं. ४</u>

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको आन्तरिक आयको ठेक्काको रकम एकमुष्ठ वुझाएमा पाउने छुट सम्बन्धि प्रस्तावमा छलफल गर्दा आ.व.२०७६।०७७ को लागि आन्तरिक आय उठाउन वन्दोवस्त गरिएका र गरिने सवै ठेक्काको ठेकेदारले आफुले कवोल गरेको ठेक अंकको नगरपालिकालाई वुझाउनु पर्ने रकम एक मुष्ठ वुझाएमा कवोल अंकको १० प्रतिशतले हुने रकम छुट दिने निर्णय गरियो ।

## <u>निर्णय नं. ५</u>

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको संविधान दिवस मनाउने सम्बन्धि प्रस्तावमा छलफल गर्दा नेपाल सरकारको निर्णयानुसार संविधान दिवस दिपावलि गरि भव्य रुपमा मनाउने निर्णय गरियो ।

हरिपुर नगरपालिका